# सिरानचोक गाउँपालिकाको विनियोजन ऐन २०७६

## सिरानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## छोप्राक, गोरखा

# सिरानचोक गाउँपालिका

विनियोजन ~~विधेक~~ २०७६

सिरानचोक गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्चनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सिरानचोक गाउँ सभाले यो ऐन बनाएको छ ।

__१. संक्षीप्त नाम र प्रारम्भः__ (१) यस ऐनको नाम " सिरानचोक गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

__२. आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार__ : (१) आर्थिक वर्ष २०७६/०७७ को विनियोजन सिरानचोक गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **६४,०२,३५,८२८।- (अक्षेरुपी चौसठ्ठी करोड दुइ लाख पैतिस हजार आठ सय अठ्ठाइस रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिन्छ ।

__३. विनियोजन :__ (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त सिरानचोक गाउँपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थापनको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

**४. <u>योजना र कार्यान्वयन सम्बन्धि विशेष व्यवस्था :</u>** (१) वडा समिति र गाउँ सभाबाट पारित भएको योजना लाई नै अन्तिम योजना मानिनेछ । यदी वडा समिति वा गाउँ सभाबाट पारित भएको योजनाको शिर्षक परिवर्तन गर्नु परेमा स्थानीय आवश्यकता अनुसार वडा समितिको सिफारिस बमोजिम गाउँ कार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुनेछ ।

(२) योजना कार्यान्वयन सम्बन्धि व्यवस्था अनुसूची (२) बमोजिम हुनेछ ।

**५. <u>कार्यविधि तथा मापदण्ड :</u>** (१) बजेटमा पारित विशेष कार्यक्रमहरुको सम्बन्धमा कहाँ कसरी खर्च गर्ने सम्बन्धमा निश्चित नभएको बजेट पारित भएको शिर्षकमा समपुरक कोष बजेट खर्च मापदण्ड २०७६, स्वरोजगार कोष बजेट खर्च मापदण्ड २०७६, खेलकुद तथा मनोरञ्जन बजेट खर्च मापदण्ड २०७६, कला संस्कृति र प्रवर्द्धन बजेट खर्च मापदण्ड २०७६, आर्थिक सहायता तथा अनुदान बजेट खर्च मापदण्ड २०७६, भैपरी योजनामा खर्च गर्ने रकम बजेट खर्च मापदण्ड २०७६, पूर्वाधार योजनामा खर्च गर्ने रकम बजेट खर्च मापदण्ड २०७६, सडक मर्मत तथा सरसफाई बजेट खर्च मापदण्ड २०७६, भवन निर्माण बजेट खर्च मापदण्ड २०७६, खानेपानी बजेट खर्च मापदण्ड २०७६, विविध कार्यक्रम तथा योजनामा खर्च गर्ने बजेट खर्च मापदण्ड २०७६ र आकस्मिक कोष बजेट खर्च मापदण्ड २०७६ गाउँ कार्यपालिकाले कार्यविधि तथा मापदण्ड तयार गरी योजना कार्यान्वयन गर्न सकिनेछ ।

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

२०७६/०८/०१
राजु गुरुङ
अध्यक्ष

अनुसूची — २

(दफा ४ को २ सँग सम्बन्धित)

कार्यक्रम सम्पन्न गर्ने समय तालिका

| क्र.सं. | विवरण | श्रा. | भा. | आ. | का. | मं. | पु. | मा. | फा. | चै. | बै. | जे. | अ. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बजेट पुस्तिका प्रकाशन | ✓ | | | | | | | | | | | |
| २ | योजनाको सर्भे तथा डिजाईन | ✓ | ✓ | ✓ | | | | | | | | | |
| ३ | योजनाको उपभोक्ता समिति निर्माण | | ✓ | ✓ | | | | | | | | | |
| ४ | योजनाको वोलपत्र (टेन्डर) | | | ✓ | ✓ | ✓ | | | | | | | |
| ५ | उपभोक्ता समितिका पदाधिकारी सदस्यहरुलाई तालिम | | | ✓ | ✓ | ✓ | | | | | | | |
| ६ | योजनाको सम्झौता | ✓ | ✓ | ✓ | ✓ | | | | | | | | |
| ७ | योजना सम्पन्न | सम्झौता भएको मितिले ३ महिना भित्र सम्पन्न गरी फर फारक गरी सक्नुपर्नेछ । | | | | | | | | | | | |
| ८ | योजनाको अनुगमन तथा सुपरीवेक्षण | काम गर्दाको वखत र काम सम्पन्न भएपछि प्राविधिक र अनुगमन समिति । | | | | | | | | | | | |
| ९ | योजनाको प्राविधिक मूल्याङ्कन | काम सम्पन्न भएपछि । | | | | | | | | | | | |
| १० | बजेटको सार्वजनिक सुनुवाई | समिति र लाभांवित उपभोक्ताहरु विच आम्दानी खर्चको सार्वजनिकीकरण गर्ने, | | | | | | | | | | | |
| ११ | योजनाको भुक्तानी | योजना सम्पन्न भएको मितिले १५ दिन भित्र भुक्तानी लिई सक्नुपर्ने । | | | | | | | | | | | |
| १२ | वस्ती/टोल स्तरबाट योजनाहरुको छनौट | | | | | | | | | | ✓ | | |
| १३ | वडा बाट योजनाहरुको छनौट | | | | | | | | | | | ✓ | |
| १४ | गाउँपालि कार्यपालिकाबाट योजना छनौट तथा प्राथमिकीकरण | | | | | | | | | | | | ✓ |
| १५ | गाउँ सभाबाट योजना अनुमोदन | | | | | | | | | | | | ✓ |

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

२०८३/०४/०१

राजु गुरुङ
अध्यक्ष

अनुसूची — १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट बिनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ/नगर कार्यपालिका | | | | |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा ब्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

२०७६/०४/०१

राजु गुरुङ
अध्यक्ष